म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १०७ २०७९ फागुन २६ गते शुक्रबार 10 March 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

## रामचन्द्र पौडेल गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति



काठमाडौं: गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएका छन् । राष्ट्रपति पदका अर्का उम्मेदवार पूर्वसभामुख सुवासचन्द्र नेम्वाङलाई पराजित गर्दै पौडेल बिहीबार राष्ट्रपति निर्वाचित भएका हुन् । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन अधिकृत महेश शर्मा पौडलले घोषणा गरेको मतपरिणाम अनुसार पौडेलले रु३३ हजार ८ सय २ मतभार प्राप्त गरे । उनका प्रतिस्पर्धी नेम्वाङले १५ हजार ५ सय १८ मतभार प्राप्त गरे ।

राष्ट्रपति चुनावमा संघीय संसद्तर्फ ३१३ सांसद (२४ हजार ७ सय २७ मतभार ) ले मतदान गरेका थिए भने प्रदेशतर्फ ५१८ (२४ हजार ८ सय ६४ मतभार) सांसदले मत दिएका थिए । चुनावी प्रक्रियामा सहभागी भएका सांसदहरुको कूल मतभार ४९ हजार ५ सय ९१ थियो । राष्ट्रपति निर्वाचित हुनका लागि २६ हजार ३ सय १५ आवश्यक पर्थ्यो । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा संघीय सांसद र प्रदेश सभा सदस्यहरूको हाल कायम रहेको मतभार ५२ हजार ६ सय २८ थियो ।

मतदानमा अनुपस्थित हुनेमा राप्रपाका १४ जना सांसद रहेका थिए । त्यस्तै नेमकिपाका प्रेम सुवाल पनि मतदानमा सहभागी भएनन् । त्यसैगरी माओवादी सांसद वर्षमान पुन र कांग्रेस सांसद उपचारका लागि चीन र भारतमा रहेका छन् । त्यस्तै एमालेका फरार सांसद लक्ष्मी महतो कोइरी पनि मतदानमा सहभागी भएनन् । प्रदेशतर्फ पनि राप्रपाका २८ र नेमकिपाका ३ सांसद मतदानमा सहभागी भएनन् । त्यस्तै मधेश प्रदेशकी जसपा सांसद विन्दु यादव अनुस्थित थिइन् ।

२००१ साल असोज २९ गते तनहुँको ब्यासमा जन्मेका पौडेल आफ्नो ६३ वर्षे सक्रिय राजनीतिक यात्रा पार गर्दै अब राष्ट्रप्रमुख बनेका छन् । कांग्रेस पार्टीबाट छ दशक अनवरत प्रजातान्त्रिक आन्दोलनमा संलग्न रहेका पौडेल अब संबैधानिक राष्ट्रप्रमुखको रुपमा सबैको साझा भएर काम गर्ने जिम्मेवारीमा आइपुगेका छन् । पौडेल ६ पटक सांसद, ५ पटक मन्त्री र एकपटक प्रतिनिधिसभाको सभामुख बने । २०६६ सालमा प्रधानमन्त्री बन्नका लागि संसदमा १७ पटकसम्म चुनावी प्रतिस्पर्धामा भाग लिएपनि जित हासिल गर्न नसकेका पौडेल नौ दलीय सत्ता गठबन्धनले साझा उम्मेदवार बनाएपछि पहिलो प्रयासमै राष्ट्रपति बन्न सफल भए ।

नवनिर्वाचित राष्ट्रपति पौडेल २०१६ सालमा हिमालयन छात्र संघको सदस्य बनेका थिए । २०१७ सालमा राजाले संसद् भङ्ग गरी वीपीलाई जेल हालेको विरोधमा उनी प्रजातान्त्रिक आन्दोलनमा सहभागी भए । र त्यसपछि सक्रिय राजनीतिमा अघि बढे । २०२७ सालमा नेविसंघको संस्थापक सदस्य बनेका पौडेल २०३४ सालबाट आफ्नै जिल्ला तनहुँबाट जिल्ला सदस्य भएर मूल पार्टी नेपाली कांग्रेसमा सक्रिय भए ।

२०४३ सालमा केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हुँदै निरन्तर केन्द्रीय सदस्य रहेका पौडेल २०६२ सालमा केन्द्रीय महामन्त्री, २०६४ सालमा केन्द्रीय उपसभापति, २०७२ सालमा कार्यवहाक सभापति बने । २०४८ सालपछि भएका ७ वटा संसदीय चुनावमध्ये २०७४ सालको बाहेक अन्य सबै निर्वाचनमा उनले तनहुँबाट जित हात पारेका थिए । २०५१ सालमा प्रतिनिधि सभाको सभामुख बनेका पौडेल २०६५ मा कांग्रेस संसदीय दलको नेता बने र विपक्षी दलको नेताको भूमिका निर्वाह गरे ।

२०४८ सालमा पहिलोपटक स्थानीय विकास मन्त्री बनेका पौडेल, २०४९ सालमा कृषिमन्त्री, २०५६ सालमा उपप्रधानमन्त्रीसहित सूचना/सञ्चारमन्त्री, स्थानीय विकास र गृहमन्त्री बने । २०६३ माओवादी शान्तिप्रक्रियामा आएपछि उनी शान्ति तथा पुन:निर्माण मन्त्री बने । प्रजातान्त्रिक आन्दोलनका क्रममा पटक-पटक गिरफ्तार र १५ वर्ष जेल जीवन बिताएका पौडेल २०७९ फागुन २५ गते बिहीबार भएको चुनावबाट गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिमा निर्वाचित भए । अब उनको काँधमा संविधानको संरक्षक भएर राष्ट्रको अभिभावकत्व गर्ने जिम्मेवारी आइपुगेको छ । स्रोत: इकान्तिपुर ।

### रक्तसञ्चार केन्द्र हेटौंडाका सेवा विस्तार

## रक्ततत्व छुट्याउन सुरु



समाज संवाददाता

हेटौंडा: रक्तसञ्चार केन्द्र हेटौंडाको सेवा विस्तार भएको छ । रक्तसञ्चार केन्द्र हेटौंडाले चितवन जिल्लामा उपलब्ध हुने सेवा बराबरकै सेवा प्रदान गर्ने भएको छ । यसअघि रगत मात्रै उपलब्ध गराउँदै आएको रक्तसञ्चार केन्द्र हेटौंडाले अबदेखि रक्ततत्व छुट्याएर सेवाग्राहीको आवश्यकताअनुसार रगत वा रक्ततत्व मात्रै उपलब्ध गराउन सक्ने भएको छ ।

रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंकप्रसाद दाहालका अनुसार अमेरिकी रेडक्रसको सहयोगमा करिब ५० लाख रुपैयाँ बराबरको सेन्ट्रिफ्युज मेसिन प्राप्त भएको छ भने हेटौंडा उपमहानगर पालिकाले रगत र रक्ततत्व सुरक्षित राख्न आवश्यक उपकरण खरिद गर्न १५ लाख रुपैयाँ उपलब्ध गराएको छ । यस्तै मनहरी गाउँपालिकाले पनि सेवा विस्तारका लागि कार्यालय व्यवस्थापन गर्न ७ लाख रुपैयाँ उपलब्ध गराएको दाहालले जानकारी दिनुभएको छ ।

रक्तसञ्चार केन्द्रले सेवा विस्तारका लागि आवश्यक तयारी पूरा गरेर रक्ततत्व छुट्याउने कार्यको परीक्षण समेत पूरा भएको र अबदेखि रक्ततत्व समेत छुट्याएर आवश्यकताअनुसार सेवाग्राहीलाई उपलब्ध गराउन सकिने केन्द्र प्रमुख दाहालले स्पष्ट पार्नुभएको छ । अबदेखि सेतो रक्ततत्व, रातो रक्ततत्व, प्लेट्लेट्स र प्लाज्मा छुट्टा-छुट्टै उपलब्ध गराउन सकिने भएको छ । प्राविधिक जनशक्तिको रुपमा रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटालाई तालिममा सहभागी गराएर तयार पारिएको छ ।

रक्ततत्व छुट्याउने व्यवस्था भएसँगै स्वास्थ्य उपचार सेवामा सहजता हुने अपेक्षा गरिएको छ । विरामीको स्वास्थ्य अवस्थाका आधारमा रक्ततत्व उपलब्ध गराउने व्यवस्था जिल्लाभित्रै हुने भएपछि स्वास्थ्य संस्थाको सेवा प्रवाहमा पनि विस्तार हुनेछ ।

**हार्दिक बधाई**



औषधी व्यवसायी संघ मकवानपुरको छैठौं अधिवेशनबाट नारायणलाल श्रेष्ठको अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**शुभकामना ड्रग डिष्ट्रिब्युटर्स परिवार**

हेटौंडा-१०, राप्तीरोड

**हार्दिक बधाई**



औषधी व्यवसायी संघ मकवानपुरको छैठौं अधिवेशनबाट नारायणलाल श्रेष्ठको अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**गुराँस मेडिकल हल परिवार**

हेटौंडा-१०, राप्तीरोड

## सम्पादकीय

# नारी दिवसको सार्थकता

बुधबार ११३ औं अन्तर्राष्ट्रिय नारी (महिला) दिवस मनाइएको छ । हरेक वर्ष मार्च ८ मा विश्वभर यो दिवस मनाइन्छ । नेपालमा यो दिवसका दिन देशव्यापी सार्वजनिक विदा दिने गरिएको छ । सन् १९१० मार्च ८ तारिखका दिन पहिलोपटक अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको थियो । यसपछि हरेक वर्ष यही दिन विश्वभर विभिन्न कार्यक्रम गरेर यो दिवस मनाउने क्रम चलिरहेको छ । "लैंगिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" भन्ने नारासहित यस वर्षको नारी दिवस मनाइएको छ । अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा प्रभातफेरि गरिएको छ । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको अगुवाईमा बुधबार हेटौंडा उपमहानगरपालिकाको कार्यालयदेखि हेटौंडा बजारको बुद्धचोकसम्म प्रभातफेरि गरिएको थियो । लैंगिक समानता र महिला अधिकारको पक्षमा विभिन्न नारासहितका प्लेकार्ड र व्यानरसहित सरोकारवाला व्यक्तिहरुको सहभागितामा प्रभातफेरि गरिएको छ । दिवसकै अवसरमा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले हेटौंडा अस्पतालका बिरामीहरुलाई फलफूल वितरण गरेको छ ।

नारी हित र अस्मिताको लडाइँ प्राचिन समयदेखि चलिरहेकै छ । अनौपचारिकरुपमा हुने गरेको नारी अधिकारका अभियानले सन् १९०० को आसपासमा औपचारिकता पाएको मानिन्छ । सन् १९०७ मार्च ८ मा जर्मनीमा भएको महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलनबाट क्लारा जेट्किनको नेतृत्वमा 'श्रमिक महिला संगठन' गठन भएपछि महिला अधिकारका विषयले संस्थागत मान्यता पायो । महिलाहरुमाथिको दमन, १८ घण्टा काम गर्नुपर्ने बाध्यात्मक अवस्था र असमानताको विरोधमा अमेरिकाको शिकागोमा श्रमिक महिलाहरुले जेट्किनको नेतृत्वमा १९०८ मा प्रदर्शन गरे । सन् १९१० मा डेनमार्कमा भएको महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रुपमा मनाउने प्रस्ताव पारित गरेपछि सन् १९११ देखि विश्वभरिका महिलाहरुले ८ मार्चलाई अन्तर्राष्ट्रिय नारी दिवसका रुपमा मनाउन थालेका हुन् ।

पछिल्लो एक शताब्दीमा विश्वभर नारीको हक, हितका निम्ति निरन्तर अभियान चलिरहेको छ । नारीलाई जागरुक बनाई विभिन्न हक अधिकार दिलाउन संयुक्त राष्ट्र संघको क्रियाशीलता पनि उत्तिकै देखिन्छ । विश्वव्यापीरुपमा जुर्मुराएको महिला अधिकारसम्बन्धी जागरणले धेरै देशमा महिलाको हक अधिकारी स्थापित गरेको छ भने उनीहरुलाई एकजुट बनाउँदै पनि लगेको छ । पछिल्ला राजनीतिक परिवर्तनहरुसँगै नेपालमा पनि महिला अधिकारका क्षेत्रमा धेरै कामहरु भएका छन् । महिलालाई हक, अधिकार दिलाएर उनीहरुलाई समानता र न्याय दिलाउन हाम्रो संविधानदेखि अन्य ऐन, कानुनमा पर्याप्त व्यवस्थाहरु गरिएका छन् । यसैको फलस्वरुप राज्य संयन्त्रका प्रमुख पदहरुमा महिलाको सहभागिता बढ्दै गएको छ ।

अन्तर्राष्ट्रिय नारी दिवसको आफ्नै महत्व छ । यो दिवस शोषण र उत्पीडनमा परेका महिलाको अधिकार स्थापनाका लागि आवाज उठाउने एउटा माध्यम बनेको छ । यसैको फलस्वरुप हाम्रो घरपरिवार तथा समाजमा महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा निकै सकारात्मक परिवर्तन आएको छ । संविधान, कानुन, नीति, नियम आदिमा महिलामैत्री व्यवस्था कायम हुनुले उनीहरुको अधिकार स्थापित गरेको मान्न सकिन्छ । अब हरेक नारीले आफ्नो कानुनी अधिकार सहजरुपमा प्राप्त गर्न आफ्नो क्षमता विकासमा ध्यान दिनुपर्छ । नारी दिवसमा गरिने सामान्य औपचारिक कार्यक्रमलाई भन्दा वास्तविकरुपमा महिलाहरुले आफ्नो अधिकार प्राप्त गर्ने क्षमता विकास गर्न राज्य र सम्बद्ध निकायले विशेष ध्यान दिनु आवश्यक छ । केही कार्यक्रम गरेर दिवस मनाउनुभन्दा महिलाको हक, हित र अधिकार कायम गर्न ठोस कार्यक्रम गरिनु सार्थक हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : घरायसी समस्या र धन खर्च बढ्ने समय छ ।
**वृष** : पढाइ–लेखाइका कामहरु ठिकै रहने समय छ ।
**मिथुन** : धार्मिक र परोपकारका काममा सरिक भइने समय छ ।
**कर्कट** : अध्ययन–अध्यापन ठिकै रहने समयको योग छ ।
**सिंह** : धार्मिक काममा सरिक भइने समयको योग छ ।
**कन्या** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**तुला** : प्रतिस्पर्धी बलिया भएकाले बिचार पुऱ्याउनु पर्ला ।
**वृश्चिक** : धार्मिक क्रियाकलापमा सरिक भइने योग छ ।
**धनु** : परीक्षा र प्रतियोगिताका काममा सफलता प्राप्त ।
**मकर** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय ।
**कुम्भ** : सामाजिक र परम्परागत काममा समय बित्ला ।
**मीन** : अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

# मार्च आठ र दलित महिला



डा. निर्मलकुमार विश्वकर्मा

आठ मार्चका दिन संसारभर अन्तर्राष्ट्रिय महिला दिवसका रुपमा मनाइन्छ। यस दिवसलाई संयुक्त राष्ट्रसंघ महिला नामक संस्थाले आर्थिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा महिलाहरुले प्राप्त गरेका उपलब्धि र समस्यामा छलफल गरी मनाउँदै आइरहेको छ। महिला दिवसको यस वर्षको नारा लैंगिक समानताका लागि प्रविधि र नवीनता रहेको छ।

अर्कातिर, यस्ता दिवसले समग्र उत्पीडित महिला विषेशगरी गरिब मुलुकका महिलाको अवस्थामा अपेक्षित उपलब्धि हासिल हुनसकेको छैन भन्ने मत राख्ने अभियानकर्ताको उपस्थिति पनि बाक्लै देखिन्छ।

यस्ता दिवसहरु मनाइरँहदा पनि अल्प विकसित मुलकका, विशेषगरी अश्वेत, अफ्रिकी र दक्षिण एसियाका दलित महिलाको अवस्था किन अत्यन्त निरीह छ भन्ने ठूलो प्रश्न उठिरहेकै छ। किन यी महिलाहरुको शिक्षा, स्वास्थ्य, आम्दानीजस्तै व्यक्तिगत जीवन अन्य महिलाभन्दा कमजोर छ ? किन उनीहरुको सार्वजनिक जीवन हेलोहोचो, उत्पीडन, हिंसा, बलत्कारबाट गुज्रिरहेको छ ? भन्नेजस्ता अनेक सबालहरु देखिन्छन्। जसरी संसारमा विविधता रहेको छ र विभेदमा पनि विभिन्नता देखिन्छ।

त्यसैगरी महिलाहरुबीच पनि विविधता रहेको छ। सबै प्रकारका महिलाहरु लैंगिक हिंसाबाट उत्पीडित रहे पनि यो उत्पीडनको क्षेत्र र मात्रा फरक हुन्छ। सोहीअनुसार यस्ता दिवसहरुले अभियान सञ्चालन गर्नुपर्छ भन्ने उनीहरुको बुझाइ छ।

महिलामाथि हुने उत्पीडन र शोषणविरुद्ध संसारमा महिलाहरुले सदियौंदेखि आआफ्नै प्रकारले प्रतिरोध गर्दै आइरहेका छन्। महिला आन्दोलनको सुरुआत भएको लगभग ४५० वर्ष भयो। संसारमा हाल उदारवादी, मार्क्सवादी, क्रान्तिकारी, समाजवादी महिला मुक्ति आन्दोलन चलिरहेका छन्।

यी धारणप्रति थुपै प्रकारका प्रश्न र आरोपहरु प्नि छन्। पहिलो आरोप के छ भने यी सिद्धान्तहरुमा महिलाको परिभाषा अपूर्ण रहेको छ। यसले सबै महिला समान छन् भन्ने मान्यता राख्छन्। परन्तु, महिलाभित्र पनि श्वेत/अश्वेत, पश्चिमा/पूर्वीय, उत्तर/दक्षिण, धनी/गरिब महिला हुन्छन्।

यी सिद्धान्तहरुले किन एउटी महिलाले रंग, जातीयता, वर्ग, ठाउँ आदिका आधारमा अर्की आफूजस्तै महिलालाई उत्पीडन गर्छिन् र यिनीहरुबीचमै किन असमानता रहेको छ भन्ने विश्लेषण गर्दैन।

यी सिद्धान्तहरु अमेरिका र युरोपका गोरी मध्यमवर्गीय महिलालाई ध्यानमा र खेर प्रतिपादन गरिएका हुन् भन्ने आरोप पनि छन्। त्यसैले अमेरिकाको महिला आन्दोलनले गोरी भए पनि गरिब, आप्रवासी, अश्वेत महिलाको समस्यालाई यस्ता दिवसहरुले सम्बोधन गर्न सकेनन् भनिन्छ।

त्यसैगरी, यी सिद्धान्तहरुले उत्पीडकहरुको परिभाषा पनि स्पष्टरुपमा गरेका छैनन् भनिन्छ। पुरुष उत्पीडक हो, पुँजीवादी पुरुष उत्पीडक हो, यिनले प्रभुत्व जमाएको संस्था उत्पीडक हो भनियो तर कस्तो रंगको, कस्तो ठाउँको, कस्का लागि, कस्तो प्रकारको पुरुष उत्पीडक हो भनेर विश्लेषण गरिएन। यिनै कमजोरीलाई सम्बोधन गर्न अमेरिकाबाट फरकधार महिलावादी आन्दोलन बाहिर आएको दखिन्छ।

उनीहरुका अनुसार समाजमा साधन र स्रोतहरु वर्ग, रंग, जातीयताका आधारमा असमानरुपले वितरण भएको हुन्छ। जस्तै श्वेतहरु साधन सम्पन्न हुन्छन्। त्यसैले श्वेत र अश्वेत महिलाबीच असमानता हुन्छ। धनी र गरिब महिलाबीच खाडल निर्माण हुन्छ र महिला महिलाबीच विभेद र उत्पीडन उत्पन्न गर्छ भनिन्छ। यस अवधारणका अभियन्ताहरुले किन र कसरी एक गोरी महिलाले अर्की महिलाप्रति उत्पीडन, विभेद गर्छिन् भनी विश्लेषण गर्छन्।

यिनीहरुले महिला र पुरुषबीचको सम्बन्धमात्र नहेरी, असमानता, विभेद, उत्पीडनका सबै पाटालाई विश्लेषण गर्छन्। समाजका कमजोर महिला जस्तै गरिब अश्वेत महिलामाथि पुँजीपति, शक्तिशाली श्वेत पुरुष किन र कसरी निर्दयी हुन्छ र अत्याचार गर्छ भन्ने मिहिन पक्ष पनि विश्लेषण गर्नुपर्छ र यस्ता दिवसका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ भन्ने यी अभियन्ताको धारणा देखिन्छ।

अश्वेत अमेरिकी महिला अधिकार कर्मीले सञ्चालन गरेको फरकधारका महिला आन्दोलनबाट सिक्दै भारतीय मूलधारका महिला आन्दोलनलाई नकार्दै भारतबाट दलित, आदिवासी, बहुजन फेमिनिज्म पनि सुरु भएको पाइन्छ।

यसमा पनि केही अभियन्ताले अफ्रिकी-अमेरिकी महिला र यी महिलाहरुले समान खालको ऐतिहासिक विभेद भोगेको हुनाले त्यसका सिकाइहरु लागु गर्नुपर्छ भनेका छन् भने धेरै महिला अधिकारकर्मीले यी महिलाका समस्या रंगका आधारमा नभई जातिका आधारमा भएको र हिन्दु धर्मसँग जोडिएका हुनाले फरक ढंगले जानुपर्छ भन्ने मान्यता राख्छन्।

यस्ता अभियान वा आन्दोलन स्वाभाविकरुपमा महिलामाथि हुने उत्पीडन र हिंसाविरुद्ध सदीयौंदेखि चल्दै आएका छन्। यसले लैंगिक विभेदविरुद्ध आवाज उठाइरहेको पनि छ। तर, के लैंगिक उत्पीडनविरुद्ध आवाज उठाउनु नै महिला आन्दोलनका लागि पर्याप्त छ ?

यो महिला आन्दोलनका लागि महत्त्वपूर्ण र गंभीर प्रश्न हो। यसपछि जातीय विभेदविरुद्ध, रंगका आधारमा हुने उत्पीडन, क्षेत्रीय शोषण, आर्थिक शोषण, शैक्षिक असमानताविरुद्ध पनि समान रुपमा आवाज उठाउनु पर्छ कि पर्दैन भन्ने प्रश्न पनि खडा हुन्छ। नेपालमा पनि महिला आन्दोलनको संगठित प्रयासले एक शताब्दी नाघेको छ। विसं. १९७३ सालमा योगमाया न्यौपानेको नेतृत्वमा गठित महिला समिति नामक संस्था नै नेपालमा पहिलो र संस्थागत संगठन हो।

नेपालको महिला आन्दोलनले सुरुदेखि नै विविधतालाई सम्बोधन गर्ने प्रयास गरेको थियो र यसले समग्र महिलाको सशक्तीकरणका सन्दर्भमा अत्यन्त सकारात्मक भूमिका खेलेको देखिन्छ। योगमाया बहुविवाह, बालविवाह तथा अनमेलविवाहविरुद्ध थिइन्। उनले समाजमा रहेको जातीय तथा महिलामाथि हुने विभेदको विरोध गरेकी थिइन्। नेपालमा त्यतिबेलासम्म पनि कायम रहेकोसती प्रथाको पनि उनले खुलेरै विरोध गरेकी थिइन्।

नेपालमा यो अन्तर्राष्ट्रिय महिला दिवसलाई ०४६ सालको आन्दोलनपछि महिला दिवसको रुपमा मनाउन थालिए पनि २०५८ सालमा राष्ट्रिय महिला आयोग गठन भएपछि आयोगकै तर्फबाट श्रमिक महिला दिवस नाम दिई मनाइएको पाइन्छ। त्यसपछि २०७४ सालमा श्रम कानुन निर्माणपछि यो दिनलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको ...बाँकी पृष्ठ ३ मा

# चश्मा र औषधिबाट निको हुन्छ आँखाको धेरैजसो समस्या



डा. वेन लिम्बु



आँखा हाम्रो शरीरको महत्वपूर्ण तर संवेदनशील अंग हो। आँखाबिना जीवनको रंग नै हुँदैन। त्यसैले आँखाको हेरचाह गर्नु नितान्त आवश्यक छ। नवजात शिशुदेखि नै आँखाको उचित हेरचाह गर्नुपर्छ। जन्मिएको ६ महिनाभित्रै शिशुको आँखाको अनिवार्य परीक्षण गराउनुपर्छ।

कसैमा जन्मजात नै आँखामा समस्या हुन्छ। चाँडै समस्या पत्ता लगाएमा उपचार सम्भव हुन्छ। जति ढिला गऱ्यो आँखामा उति नै जटिलता थपिंदै जान्छ।

### बढ्दैछ बालबच्चामा आँखाको समस्या

अहिले उपचार सर्वसुलभ हुन थालेसँगै आँखासम्बन्धी समस्याको पहिचान पनि धेरै हुन थालेको छ। जसले आँखासम्बन्धी रोगका बिरामीको संख्या पनि बढेको छ। पहिले पनि आँखामा समस्या त उस्तै हुन्थ्यो तर पहिचानमा कठिनाइका कारण कम भएजस्तो लागेको हो।

स्वास्थ्यको पहुँच नहुँदा, जनचेतनाको कमीले गर्दा उपचार गराउनेको संख्या न्यून हुन्थ्यो। समयमा उपचार नहुँदा समस्या झनै बढ्थ्यो। अहिले मानिस शिक्षित, चेतनशील, उपचारको पहुँच र पहिचान गर्न सकिने छिटो छरितो उपचार प्रविधि र स्वास्थ्य समस्या देखिने बित्तिकै अस्पताल लाने क्रम बढ्दो छ।

त्यसैले बालबच्चाको आँखामा आउने समस्याको पनि धेरै पहिचान हुने गरेको छ। बालबालिकामा दूरदृष्टिको समस्या (टाढाको दृश्य देख्न नसक्ने), जन्मजात मोतीबिन्दु, जन्मजात संक्रमण, रेटिनोप्याथी अफ प्री-म्याचोरिटी, आँखा पाक्ने, आँखामा एलर्जी, सुख्खा हुने, आँखा बाङ्गो हुने समस्या धेरै देखिन्छ। यसैगरी अत्यधिक विद्युतीय ग्याजेट प्रयोग गरेका कारण कम्प्युटर भिजन सिन्ड्रोम जस्ता समस्या पनि देखिन्छ।

### आँखामा समस्या आउनुको कारण

बालबालिकाको आँखामा आउने समस्या प्रायः वंशाणुगत हुन्छन्। मोतीबिन्दु र दृष्टिदोष वंशाणुगत कारणले हुने समस्या हुन्। आँखाको समस्याले बाबुआमाले चश्मा लगाउँछन् भने शिशुमा पनि दृष्टिदोष हुन सक्छ। जसकारण बच्चैदेखि चश्मा लगाउनुपर्ने अवस्था आउन सक्छ।

३६ साताभन्दा कम अवधिमा जन्मिएका, दुई किलोभन्दा कम तौलमा जन्मिएका शिशुमा रेटिना बिग्रने र पछि अन्धोपनको समस्या समेत देखिन सक्छ। त्यस्तै, रेटिनोप्याथी अफ प्री-म्याचोरिटीको केस अर्थात् प्रसूति गराउँदा आमामा गाइनोरिया र क्ल्यामिडिया जीवाणुको संक्रमण छ भने नवजात शिशुमा पनि सर्ने सम्भावना हुन्छ। यसको पनि समयमा उपचार नभएमा जटिलता निम्त्याउन सक्छ।

### समयमा उपचार नभए जटिलता आउन सक्छ

दृष्टिदोष र मोतीबिन्दुको समस्याको समयमा उपचार नभए दृष्टि नै गुम्न सक्ने जोखिम हुन्छ। जन्मेदेखि नै शिशुको आँखा कमजोर छ तर उपचारमा ढिलाइ भयो भने निको हुने सम्भावना अत्यन्त कम हुन्छ। सात वर्षको उमेरभित्र आँखाको उपचार गरे निको हुन सक्छ।

### लक्षण

बत्तीमा शिशुले नहेर्नु, जन्मिएको चार महिनासम्म आमालाई नहेर्नु, वस्तुलाई देखाउँदा नहेर्नु, छड्के आँखा देखिनु, सामान्यभन्दा भिन्न तरिकाले टाउको घुमाएर हेर्नु, आँखाको आकार प्रकारमा अस्वभाविक परिवर्तन हुनु, आँखाबाट आँसु बगिरहने, कचेरा आइरहनु, हिंड्दा लड्नु, राति आँखा नदेख्ने, बोर्डमा के लेखेको नदेख्ने वा कम देख्ने जस्ता आँखाको समस्याको लक्षण हुन्।

### उपचार

बालबालिकाको लागि सबैभन्दा राम्रो उपचार पद्धति चश्माको प्रयोग नै हो। धेरैजसो आँखासम्बन्धी समस्या चश्मा र औषधि उपचारबाट ठीक हुन्छ। मोतीबिन्दु, जलबिन्दु, आँखाको क्यान्सर भएकाहरुको भने शल्यक्रिया गरिन्छ।

रोगअनुसारको आँखाको दृष्टि गुमेपछि फर्किन्छ कि फर्किंदैन भनेर निर्क्योल गर्न सकिन्छ। समयमा उपचार गर्दा १०० प्रतिशत अन्धोपन भएका ७५ प्रतिशत बालबालिकामा उपचारपछि निको हुने अध्ययनहरुले देखाएका छन्।

### आँखा स्वस्थ राख्न के गर्ने ?

जति छिटो उपचार त्यति राम्रो नतिजा आउने भएकाले जन्मिएको ६ महिनाभित्र शिशुको आँखा अनिवार्य परीक्षण गराउनुपर्छ। दुई किलोभन्दा कम तौल भएको, जन्मेको चार महिनासम्म पनि आमाको अनुहार हेर्न नसक्ने शिशु, बत्तीको प्रकाशलाई पछ्याउँदैन भने पनि समयमा उपचार गराएमा निको हुन्छ।

बच्चालाई भिटामिन ए भएका खानेकुरा खुवाउने, तीन घण्टाभन्दा बढी बालबालिकालाई ग्याजेट चलाउन नदिने गर्नुपर्छ। जंकफुडले भिटामिन एको कमी हुने, आँखालाई सुख्खा बनाउने, रतन्धोको समेत जोखिम हुन सक्ने भएकाले सकेसम्म त्यसमा जोड दिनुहुँदैन।

(डा. लिम्बू नेत्ररोग विशेषज्ञ हुन्/स्रोतः अनलाईनखबर)

# समय तालिका बनाएर एसईई तयारी

जमुना थिङ

हेटौंडाः आगामी चैत १७ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी हुने परीक्षार्थीहरु समय तालिका बनाएर परीक्षाको तयारी गरिरहेका छन् । घरमा कुन समयमा कुन विषय पढ्ने भनेर समय छुट्याएर विद्यार्थी एसईई परीक्षाको तयारी गरिरहेका हुन् ।

एसईई परीक्षाको तयारी गरिरहेकी जेनिसा पुडासैनीले अध्ययनका लागि सहज हुने भएकाले समय तालिका बनाएर परीक्षा तयारी गरिरहेको बताउनुभयो । पढेका विषयवस्तु स्मरणका लागि पुनः दोहोर्‍याएर अध्ययन गर्ने गरेको उहाँले जानकारी दिनुभयो । बिहान ५ बजेदेखि ८ः३० बजेसम्म र विद्यालयबाट छुटिसकेपछि राति ११ बजेसम्म पढ्ने गरेको उहाँले बताउनुभयो ।

'महत्वपूर्ण विषयवस्तुलाई विशेष समय दिएर अध्ययन गर्ने गरेकी छु', जेनिसले भन्नुभयो– 'ऐच्छिक प्रथम, ऐच्छिक द्वितीय र विज्ञान विषयलाई बढी समय दिएकी छु ।' पाठ्यपुस्तकबाहेक एसईई का पुराना प्रश्नपत्रबाट समेत अभ्यास गर्ने गरेको उहाँले बताउनुभयो । अध्ययन गर्दा महत्वपूर्ण प्रश्न–उत्तरलाई हाइलाइट गर्ने गरेकाले सहजरुपमा पुनःस्मरण गर्न सहयोग पुग्ने बताउनुभयो । जेनिसा भन्नुहुन्छ– 'विद्यालयमा समूह–समूह बनाएर जसरी अध्यापन गराइएको छ, घरमा पनि साथीहरुले पढिरहेका छन् ।' तयारी राम्रो भइरहेकाले उत्कृष्ट नतिजा प्राप्त गर्नेमा विश्वस्त रहेको उहाँले बताउनुभयो ।

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक दीपक अधिकारीका अनुसार विद्यालयले लिएको परीक्षाको आधारमा विद्यार्थीलाई विभाजन गरी अध्ययन गराइएको छ । गत माघ २६ गतेदेखि विद्यालयले लिएको परीक्षाको नतिजाका आधारमा कमजोर विद्यार्थीलाई बिहान ८ः३० बजेदेखि १० बजेसम्म र फेरि बेलुका पनि ६ बजेसम्म अतिरिक्त कक्षा सञ्चालन गरिरहेको उहाँले बताउनुभयो । विद्यालयले नियमित समयमा पनि अध्यापन गराइरहेको उहाँको भनाई छ । उत्कृष्ट अंक ल्याउने अपेक्षा राखेका विद्यार्थीलाई विद्यालय समयमा ४ घण्टी पढेपछि एसईई तयारीका लागि घर पठाउने गरेको अधिकारीले जानकारी दिनुभयो ।

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको परीक्षा शाखा प्रमुख कृष्णगोपाल श्रेष्ठले २ सय ५८ जना विद्यार्थीले एसईई परीक्षाको तयारी गरिरहेको बताउनुभयो । परीक्षा दिने अधिकांश विद्यार्थीले उत्कृष्ट अंक ल्याउने अपेक्षा विद्यालयले राखेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार ४ जीपीए ल्याउने सम्भावना भएका विद्यार्थी ३ जना भए पनि विद्यालयको नतिजा उपलब्धीपूर्ण हुनेछ ।

करिब ३५ जना विद्यार्थी कमजोर रहेको उहाँको भनाई छ । परीक्षा आउन करिब तीन साता बाँकी रहेकाले ती कमजोर विद्यार्थीलाई पनि विशेषरुपमा विद्यालयले परीक्षाको तयारी गराइरहेको उहाँले जानकारी दिनुभयो ।

# श्रमिकको पीटीएमा बास्ताकोटी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माविको शिक्षक अभिभावक संघ (पीटीए) को अध्यक्षमा राजेन्द्र बास्ताकोटी चयन हुनुभएको छ । बिहीबार बास्ताकोटीको अध्यक्षतामा ११ सदस्यीय पीटीए गठन गरिएको हो । बास्ताकोटी २०७४ सालको स्थानीय तहको निर्वाचनमा ४ नम्बर वडा सदस्य निर्वाचित हुनुभएको थियो ।

पीटीए सदस्यमा निरज सिं ठकुरी, कार्साङग लामा, पार्वती लामिछाने, प्रमोद ढकाल, शान्ता घलान, रमिका शाक्य, अन्जु वाईबा, सम्झना घिमिरे चयन हुनुभएको हो । पीटीएमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक पदेन सदस्य हुने व्यवस्था छ । केही समयअघि मात्रै श्रमिक माविमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको थियो । पूर्वविद्यार्थी विवेक कार्कीको अध्यक्षतामा सर्वसम्मत विद्यालय व्यवस्थापन समिति गठन गरिएको हो ।

# विभिन्न घटनामा परी एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा विभिन्न घटनामा परी एकैदिन ४ जनाको मृत्यु भएको छ । बुधबार मकवानपुर, चितवन, धादिङ र सिन्धुली गरी ४ जिल्लामा ४ जनाको ज्यान गएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मकवानपुर जिल्लामा राप्ती खोलामा डुबेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा भीमफेदी गाउँपालिका-१, बयलबासकी ४३ वर्षीया मुना लिम्बु रहेको प्रहरीले जनाएको छ । बुधबार साँझ ६ः३० बजेको समयमा राप्तीखोलामा माछा मार्ने क्रममा अचानक छारेरोग लागि खोलामा लडेकी मुनाको पानीमा डुबेर घटनास्थलमै मृत्यु भएको हो । मुचुल्का पश्चात लिम्बुको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल पुर्याइएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर-२३, कसरामा माउतेको काम गरी बस्ने एक पुरुष मृत अवस्थामा फेला परेका छन् । मृत्यु हुनेमा नवलपरासी कावासोती-१५ घर भएका ३७ बर्षीय सिखाराम महतो आफु सुत्ने कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । महतो छारे रोगको बिरामी समेत भएको प्रहरीले उल्लेख गरेको छ ।

धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका-५, चैनपुरमा रुखबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५७ बर्षीय चिन बहादुर थापा मगर रहेको प्रहरीले जनाएको छ । मगर आफ्नै घर नजिक रहेको च्यानडाँडा जङ्गलमा घाँस काट्न जाने क्रममा सालको रुखबाट लडी घाईते भएका थिए । उपचारका लागि काठमाडौं लैजाँदै गर्दा मगरको बाटोमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै सिन्धुली जिल्लाको दुधौली नगरपालिका-६, ढोडेनीमा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुने २४ बर्षीया अस्मिता अधिकारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अस्मिता आफ्नो घरमा सुतेको अवस्थामा अचेत फेला परेपछि बाबुले उपचारका लागि सिराहा जिल्लाको हर्जनास्थित फुल कुमारी महतो मेम्मोरियल अस्पताल पुर्याएका थिए । अस्पतालका डाक्टरले अस्मिताको बाटोमै मृत्यु भएको घोषणा गरेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# बैंकमा व्यवसायीको धर्ना




*बैंक अगाडि धर्ना दिँदै व्यवसायीहरु ।*

समाज संवाददाता

हेटौंडाः बैंकको ब्याजदर उच्च भएको भन्दै आन्दोलनरत व्यवसायीले बिहीबार बैंकमा धर्ना दिएका छन् । मकवानपुर उद्योग वाणिज्य संघको अगुवाईमा बिहीबार हेटौंडाका बैंकहरुमा व्यवसायीले धर्ना दिएका हुन् ।

मकवानपुर उद्योग वाणिज्य संघले ७ दिन विरोध प्रदर्शन कार्यक्रम नै तय गरेको छ । विरोध प्रदर्शनको पहिलो दिन आइतबार पल्पसा सदनमा भेला भएर कालो ब्यानर र विरोध कार्यक्रमको पत्रसहित बैंक तथा वित्तीय संस्थाहरुमा ज्ञापनपत्र बुझाएका थिए । दोस्रो दिन बुधबार दिउँसो १ बजे बुद्धचोकमा बागमती प्रदेशस्तरीय २८ वटा जिल्ला नगर उद्योग वाणिज्य संघहरुको सहभागितामा ब्यानर सहितको शान्तिपूर्ण धर्नाको आयोजना गरिएको थियो । कार्यक्रममा बैंकिङ ब्याजदर १ अंकमा कायम गर्नुपर्ने माग गरिएको थियो । चौथो भोलि शुक्रबार बैंकहरुमा विहान ११ बजेदेखि १ बजेसम्म २ घण्टा धर्ना दिनेछन् । पाँचौ दिन आउँदो आइतबार बैंकहरुमा डिपोजिट कार्य बन्द गराउने निर्णय गरेका व्यवसायीले छैठौं दिन फागुन ३० गते शान्तिपूर्ण रुपमा बैंक बन्द गराउने र अन्तिम दिन फागुन २९ गते सम्पूर्ण बैंकिङ कारोबार बन्द गराउने मकवानपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

# आर्मीले मछिन्द्रलाई हरायो

काठमाडौंः साविकको विजेता मछिन्द्र फुटबल क्लबलाई पराजित गर्दै त्रिभुवन आर्मी फुटबल क्लबले यो सिजनको सहिद स्मारक 'ए' डिभिजन लिगमा पहिलो जित दर्ता गरेको छ । आर्मीले मछिन्द्रलाई २-० गोलअन्तरले पराजित गर्दै लिगमा पहिलो जित दर्ता गरेको हो । पहिलो खेलमा आर्मी संकटासँग गोलरहित बराबरीमा रोकिएको थियो ।

ललितपुरको च्यासलस्थित च्यासल रंगशालामा बिहीबार भएको खेलमा आर्मीको जितमा दीपक गुरुङ र कप्तान नवयुग श्रेष्ठले गोल गरे । दुवै गोल दोस्रो हाफमा भएको थियो । खेलको ४८औं मिनेटमा दीपक गुरुङले गोल गर्दै आर्मीलाई १-० को अग्रता दिलाए । ५९औं मिनेटमा कप्तान नवयुग श्रेष्ठले पेनाल्टीमा गोल गर्दै आर्मीको अग्रता दोब्बर पारे । यस जितसँगै आर्मीको दुई खेलबाट ४ अंक पुगेको छ । लगातार दोस्रो हार बेहोरेको साविकको विजेता मछिन्द्रले अंकको खाता खोल्न सकेको छैन । जावलाखेलसँग ३-१ ले पराजित भएपछि लिगमा मछिन्द्रको अपराजित यात्रा २०औं खेलमा टुंगिएको थियो । वि.स. २०७६ को लिगमा हिमालयन शेर्पासँग सातौं राउन्डमा २-० ले पराजित भएयता मछिन्द्र लिगको १९ खेलसम्म अपराजित रहेको थियो । जसमा १७ जित र २ बराबरीको नतिजा थियो । शेर्पासँगको हारपछि मछिन्द्रले त्यसपछि सबै ६ खेलमा जित निकाल्दै लिग च्याम्पियन बनेको थियो । गत वर्ष मछिन्द्रले १३ खेलमा ११ जित र २ बराबरीसहित अपराजित रहेर केवल दुई गोल खाँदै लिग च्याम्पियन बन्न सफल भएको थियो । स्रोतः हाम्रो खेलकुद ।

# पीएनजीमाथि नेपालको सानदार जित

काठमाडौंः आसिफ शेखको पहिलो ओडीआई शतक र स्पीनरहरुको उत्कृष्ट बलिङ प्रदर्शनमा नेपालले आईसीसी क्रिकेट विश्वकप लिग टु अन्तर्गत अन्तिम शृखंलाको पहिलो खेलमा सानदार जित हात पारेको छ । बिहीबार त्रिवि क्रिकेट मैदान कीर्तपुरमा नेपालले पपुवा न्युगिनी पीएनजीलाई ५२ रनको फराकिलो अन्तरले पराजित गरेको छ ।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले आसिफको ११० रन मद्दतमा ४९.१ ओभरमा सबै विकेट गुमाएर ओडीआईमा अहिलेसम्मकै उच्च स्कोर २९७ रन बनाएको थियो । २९८ रनको लक्ष्य पछ्याएको पीएनजी ४७.१ ओभरमा २४५ रनमा अलआउट भयो । पीएनजीलाई अलआउट गर्न नेपालका स्पीनहरु सन्दीप लामिछाने, दीपेन्द्र सिंह ऐरी र कुशल मल्लले मिलेर विकेट लिए । नेपालको इनिङ्समा पीएनजीका फास्ट बलरले ९ विकेट लिएका थिए । तर पीएनजीको इनिङ्स भने नेपाली स्पीनले ध्वस्त बनाए । नेपालका लागि सन्दीप लामिछानेले १० ओभरमा १ मेडन राख्दै ३७ रन खर्चेर ४ विकेट लिए । दीपेन्द्रले ९.१ ओभरमा ३६ रन खर्चेर २ विकेट लिए । पूरै १० ओभर बलिङ गरेका कुशल मल्लले ६० रन खर्चेर १ विकेट लिए । कप्तान रोहितले समेत ९ ओभर बलिङ गर्दै ३१ रन मात्र खर्चे । पीएनजीका लागि आठौं नम्बरमा ब्याटिङ गरेका नोर्मन भानुले सर्वाधिक ६० रन बनाए । ओपनर टोनी उराले ५० र कप्तान असद भालाले ४२ रन बनाए । जितपछि ३३ खेलबाट ३४ अंक जोडेको नेपाल लिग टू मा पाँचौ स्थानमा छ । नेपाललाई अब ओडीआई मान्यता जोगाउनका लागि अब एक जित आवश्यक छ । शृंखलाका बाँकी तीन खेल जितेमा शीर्ष तीनमा पुग्दै नेपाल आगामी जुन-जुलाईमा जिम्बाबेमा हुने विश्वकप क्वालिफायर्समा छनोट हुनेछ । स्रोतः अनलाइनखबर ।



## हार्दिक समवेदना



जन्मः १९९७/०६/०१

**स्व. दुर्गादेवी घिमिरे**

स्वर्गारोहणः २०७९/११/२०

यस श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक सदस्य श्री राजन घिमिरेका ममतामयी आमा **दुर्गादेवी घिमिरे**को मिति २०७९ साल फागुन २० गतेका दिन निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नवराज अर्याल, अध्यक्ष

**एवम् श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

**हेटौंडा-४, अजरअमररोड**

## हार्दिक आभार



औषधी व्यवसायी संघ मकवानपुरको छैठौं अधिवेशनबाट मलाई कार्यसमिति सदस्यमा निर्वाचित गराउन मतदान गर्नुहुने सम्पूर्ण व्यवसायीमा हार्दिक आभार व्यक्त गर्दछु । व्यवसायीको हित र सेवाग्राहीको सन्तुष्टि रहने गरी सम्पूर्ण व्यवसायीको जिम्मेवारीपूर्ण भूमिकाका लागि संघमार्फत आफ्नो भूमिकालाई जिम्मेवार बनाउने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

कृष्णहरि न्यौपाने
कार्यसमिति सदस्य

**औषधी व्यवसायी संघ मकवानपुर**

**सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि**

www.samriddhasamaj.com.np








समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ

# प्रदेश अध्यक्षमा श्रेष्ठ निर्वाचित



नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरु ।

समाज संवाददाता

हेटौंडाः नेपाल उद्योग बाणिज्य महासंघ बागमती प्रदेश समितिको अध्यक्षमा दिल सुन्दर श्रेष्ठ तथा उपाध्यक्षमा गुणराज श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको छ । बिहीबार संघको छैठौं प्रदेश अधिबेशनबाट दिल सुन्दर र गुणराजलाई सर्वसम्मत अध्यक्ष र उपाध्यक्षमा चयन गरेको हो ।

बिहीबार हेटौंडाको एभोकाडो होटलमा भएको अधिबेशनमा उपाध्यक्षमा दुर्गाराज श्रेष्ठले रामराज श्रेष्ठलाई पराजित गर्दै उपाध्यक्ष हुनु भएको छ । अधिबेशनले ३ बर्षका लागि १३ सदस्यीय कार्यसमिति चयन गरेको छ । सचिवमा कविराज खत्री सर्वसम्मत चयन हुनुभएको छ ।

कार्यसमिति सदस्यमा जीवन काजि मकाजु श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, राजन कार्की, सन्त थापा, शिव प्रसाद मानन्धर, वीरेन्द्रनाथ भट्टराई, अनिल कृष्ण श्रेठ र प्रेम हरि मैनाली चयन हुनुभएको छ ।

# राक्सिराङ गाउँपालिकाले एकीकृत शिविर संचालन गर्ने

समाज संवाददाता

हेटौंडाः गाउँपालिकाले प्रदान गर्ने सेवाहरुमा सहज पहुँच नभएर बन्चितीमा परेका विकट भेगका बासिन्दाहरुलाई लक्षित गर्दै राक्सिराङ गाउँपालिकाले एकीकृत शिविरमा संचालन गर्ने भएको छ। फागुन २९ गते, चैत्र ६ गते, चैत्र १४ गते र चैत्र २२ गते गरी ४ दिन एकीकृत शिविर संचालन गर्ने भएको हो ।

फागुन २९ गते वडा नम्बर ४ को कार्यालय, चैत्र ६ गते वडा नम्बर ९ को कार्यालय, चैत्र १४ गते वाड नम्बर ६, ७ र ८ को कार्यालय र चैत्र २२ गते वडा नम्बर १ र २ को कार्यालयमा एकीकृत शिविर संचालन हुने गाउँपालिकाले जनाएको छ । शिविरमा स्वास्थ्य सेवा, अपाङ्गता सम्बन्धी सेवा, अपाङ्गता परीक्षण र परिचयपत्र एवम् सहायक सामग्री वितरण, कृषि सेवा बीउ-बिजन/बोटबिरुवा, कृषि औजार, किटनाशक औषधि वितरण, निःशुल्क पशुसेवा, पशु जाँच, औषधि वितरण, व्यवसाय दर्ता तथा नवीकरण, योजनाको अनुगमन तथा भुक्तानी, गरिब परिवार परिचयपत्र वितरण, ज्येष्ठ नागरिक सेवा, विपद्, उद्दार सामग्री तथा राहत वितरण निःशुल्क गरिने गाउँपालिकाले जनाएको छ। त्यस्तै स्वास्थ्य, शिक्षा, कृषि, पशु, रोजगार, लघु उद्यम, सहकारी, निःशुल्क परामर्श र सुरक्षा तथा गाउँपालिकाबाट प्रदान गरिने अन्य सेवासम्बन्धी जानकारी तथा परामर्श सेवा दिने गाउँपालिकाले जनाएको छ ।

# पूर्वमन्त्री न्यौपानेलाई ९ वर्ष कैद

काठमाडौंः विशेष अदालतले भृकुटीमण्डपको जग्गा भाडामा समाज कल्याण परिषद्लाई २० करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको ठहर गर्दै पूर्वमन्त्री बद्रीप्रसाद न्यौपानेसहित ७ जनालाई कैद र जरिवानाको फैसला गरेको छ। पूर्वमन्त्री तथा गत निर्वाचनमा मनाङबाट निर्वाचित सांसद टेकबहादुर गुरुङसँग भने जरिवाना मात्र सजाय सुनाएको छ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल र सदस्यहरु शालिग्राम कोइराला र बलभद्र बास्तोलाको इजलासले १६ फागुनमा भृकुटीमण्डपको जग्गामा भ्रष्टाचार भएको ठहर गरेको थियो । उक्त घटनामा संलग्नहरुलाई बिहीबार सजाय निर्धारण गरिएको हो। जसमा पूर्व समाजकल्याणमन्त्री बद्रीप्रसाद न्यौपानेलाई ९ वर्ष कैद र २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा जरिवाना, २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा नै बिगो र थप ६ महिना कैद सजाय निर्धारण भएको विशेष अदालतका उपरजिस्ट्रार नारदप्रसाद भट्टराईले जानकारी दिए।

पूर्वमन्त्री टेकबहादुर गुरुङलाई भने मतियार ठहर गर्दै १ करोड २१ लाख, ८४ हजार ४०१ रुपैयाँ ८० पैसा जरिवानाको सजाय निर्धारण भएको भट्टराईले बताए । विशेष अदालतले समाजकल्याण परिषदका तत्कालिन उपाध्यक्ष प्रमोद मेहता, तत्कालिन कोषाध्यक्ष कुञ्जविहारीप्रसाद चौधरी, तत्कालिन सदस्यहरु हरि न्यौपाने, मोहनराज शर्मा, मदनकुमार लाल कर्ण र तत्कालिन सदस्य सचिव रवीन्द्र कुमार लाई पनि कैद र जरिवानाको सजाय निर्धारण गरेको छ। मेहतालाई ८ वर्ष कैद २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा जरिवाना र २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा बिगो र थप ६ महिना जरिवाना हुने विशेष अदालतले फैसला गरेको छ । त्यसैगरी चौधरीलाई २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा जरिवाना, २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा बिगोको फैसला गरिएको छ। न्यौपानेलाई ८ वर्ष कैद, २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा जरिवाना र त्यति नै बिगो तोकिएको छ भने शर्मा, कर्ण र कुमारलाई पनि ८ वर्ष कैदका साथै २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा जरिवाना र त्यति नै बिगो रकम तोकिएको छ । कुमारलाई थप ६ महिना कैद गरिने पनि उल्लेख गरिएको छ । काठमाडौं फनपार्कका सञ्चालक रवीन्द्र गुरुङसँग भने २ करोड ४३ लाख ६८ हजार ८०३ रुपैयाँ ५० पैसा जरिवाना र त्यति नै बिगो असुल गर्ने फैसला भएको छ। स्रोतः अनलाइनखबर ।

# मकवानपुर बाल विद्या सदन





हेटौडा-१८, खड्कुले

## शिक्षक अर्थात मैनवत्ती



कुसुम खड्का
कक्षा-१०

परिवर्तनको थुप्रोले बनेको यही हो मेरो विद्यालय
नवीन शिक्षाको ज्योति छर्ने यही हो मेरो विद्यालय

कसरी तिरुँ म सोच्दछु, जुन गुन मलाई गुरुले लगाए
निभ्न दिने छैन कसैगरी, ज्ञानको दीप जो उनले जगाए

देखाई मैनवत्तीको ज्वाला, त्यागको परिभाषा सिकाए
अनवरत बाँडे ज्ञानको ज्योति, आखिर आफैंले के पाए ?

सोध्छु कहिलेकाहीँ म गुरुलाई, शिक्षक कहिले रमाउँछ ?
भन्नुहुन्छ हेर्नु मेरो मुहार, जब विद्यार्थीले सफलता पाउँछ

## बाबा



एन्जल जिएम
कक्षा-८

बाबा तिमीले हिँड्न सिकायौ तातेताते भनी
मेरो मनमा पनि तिम्रो माया भरिएको छनी

पढाउनु भो मलाई बाबा, गरेर अनेक दुःख
सफल भै बनाउने छु, उज्यालो तिम्रो मुख

तिम्रो मायाको ऋण तिर्नेछु, गरेर तिम्रो सेवा
उभ्याउने छु संसार माझ, बनेर तिम्रो टेवा

मेरो सफलता देख्न पाउनु तिम्रो एउटै रहर
तिम्रो रहर पुरा गर्न, प्रयास गर्छु म हर प्रहर

## उड्न सकेको भए !



स्मित थापा
कक्षा-९

यदि म उड्न सकेको भए
भे उने थिएँ आकासको लय

सम्बन्धहरु बनाउँदै गाढा
उड्थें टाढा-टाढा धेरै टाढा

उड्थें गाउँदै गीत चरीहरुसँग
नियाल्थै सृष्टिका अनेकौं रंग

अझै पुग्थें माथि प्रयास गर्दै
राम्रा सम्झन्थें खराब बिर्सँदै

जब पुग्थें उड्दै इन्[illegible]णीको छेउमा
मागेर रंग उसँग छर्थें मेरो जीवनमा

खुसी हुन्थें निर्वाध यही सबै गर्न पाए
यदी म पंक्षी झैं उड्न सकेको भए

## मार्च आठ...

रूपमा मनाइँदै आएको छ। नेपालमा मनाइने यस्ता दिवसहरु महिलाभित्रका विविधतालाई सम्बोधन गरी सञ्चालन गर्नुपर्छ र वास्तविक श्रमिक महिलालाई केन्द्रमा राख्नुपर्छ भन्ने माग व्यापकरुपमा उठेको छ । नेपाल बहुजातीय, बहुभाषिक र भौगोलिक विविधता भएको देश हो । यसैले महिलाहरुबीच पनि विविधता छ । यहाँ ब्राम्हण क्षेत्री, खस महिला, दलित महिला, जनजाति महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला तथा दुर्गम क्षेत्रका महिला छन् । यी महिलाहरुबीचै पनि थुप्रै प्रकारका असमानता छन्। यी महिलाहरुमाथि हुने उत्पीडनका स्वरुप र दायरा पनि फरकफरक छन् । यी महिलाहरुका माग, आवश्यकता, प्राथमिकता पनि फरकफरक छन् । यस्ता दिवसहरुमा सञ्चालन गरिने अभियानहरु यी समग्र महिलाहरुको चासो, समस्या र प्राथमिकतालाई ध्यानमा राखेर गरिनुपर्छ। उनीहरुमाथि हुने लैंगिक हिंसाको विविधतालाई एकै ठाउँमा सोलोडोलोमा राख्दा स्वाभाविकरुपमा सहरीया, सभ्रान्त, उच्च जातका पहाडी मूलका महिलामात्र लाभान्वित हुने र अरु महिला पीडित हुने कुरालाई अस्वीकार गर्न सकिँदैन । महिलाभित्र पनि एक महिलाले अर्की महिलालाई गर्ने भाषागत, जातीय, धार्मिक विभेद, छुवाछुत उत्पीडन आदिलाई विश्लेषण गरेर सोहीअनुसार अभियान सञ्चालन गर्दा लाभदायक हुन्छ ।

नेपालमा २००८ सालमा महिला संघ र अखिल नेपाल महिला संघको स्थापनापश्चात् संस्थागतरुपमै महिला आन्दोलन सुरु भएको पाइन्छ। यस अवधिमा महिला मुक्तिका लागि भन्दै थुप्रै संघसंस्था र संगठनहरु निर्माण भएका छन् र कैयौं आन्दोलन पनि भएका छन्। यी सबै संरचना, नीतिनियम र आन्दोलनहरुले दलित महिला, वादी महिला, मधेसी महिला, मुस्लिम महिला, जनजाति महिला, गरिब महिला, कर्णाली क्षेत्रका महिलाहरुका निर्दिष्ट माग, आवश्यकता र प्राथमिकता, प्रतिनिधित्वका सवाललाई कसरी सम्बोधन गरेको छ ?

छुवाछुत तथा जातीय विभेद, जातीय अत्याचार र हिंसाविरुद्ध आवाज उठायो कि उठाएन ? दलित महिला भएकै कारण हुने यौन शोषण, बलात्कार र अन्तर जातीय प्रेम तथा विवाहका नाममा गरिने हत्याविरुद्ध कस्ता प्रयासहरु गरिए ? कहाँ कमजोरी रहे भन्नेजस्ता पक्षको विश्लेषण गरेर यस्ता अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ। नेपालमा दलित महिला सबैभन्दा बढी हिंसा सहन बाध्य समूह हो। उनीहरु नै नेपालका वास्तविक श्रमिक महिलाहरु हुन् । अधिकांश दलित महिलाहरु शारीरिक श्रमको काममा रहेका छन् ।

अधिकांश ग्रामीण इलाकामा दलित महिलाहरु कृषि मजदुरकै रुपमा रोजगारमा रहेका छन् । अधिकांश पुरुषहरु भारतमा रोजगारमा जाने र कुनै विकल्प नभएपछि महिलाहरु गाउँकै जमिनदारको खेतमा रोपाइँ गर्ने, मल बोक्ने, बाली काट्नेजस्ता काम गर्छन्। सहरीकरण भइरहेको ठाउँमा उनीहरु घर तथा बाटो निर्माणमा मजदुरका रुपमा काम गर्छन्। बालुवा बोक्ने, बालुवा चाल्ने, ढुंगागिटी कुट्ने, इँटा बोक्ने, सिमेन्ट बोक्ने, सिमेन्ट बनाउने, घर रंगाउनेजस्ता काममा अधिकांश दलित महिला रहेका हुन्छन् । यसैगरी दलित महिलाहरु निम्न स्तरको प्रदूषणयुक्त काममा पनि रहेका हुन्छन्। बाटो र नाली सफा गर्ने, शौचालय सफा गर्नेजस्ता सरसफाइका काममा रहेका छन् । दलित महिलाको शिक्षित रोजगार दर पनि बिस्तारै बढ्दै भने गएको छ ।

नेपालको मूलधारको महिला अभियानले महिलामाथि हुने उत्पीडनमध्ये घरेलु लैङ्गिक हिंसालाई बढी महत्त्व दिएको पाइन्छ । तर, दलित महिलाहरुले बढी उत्पीडन भने सार्वजनिक स्थल वा घरबाहिर भोग्नुपर्छ । मूलधारको महिला आन्दोलनको प्राथमिकता समान मौका, समान ज्यालाजस्ता सबालमा बढी केन्द्रित देखिन्छ। तर, दलित महिलाका समस्या भने मानसिक अत्याचार, यौन उत्पीडन, बलात्कार, प्रणालीगत वेश्यावृत्ति सबैभन्दा जटिल हुन् ।

मूलधारको महिला आन्दोलनले महिला उत्पीडनको जातीय कारण विश्लेषण गरेको पाइँदैन । उदाहरणका लागि कतिपय रोजगार जस्तै खाना पकाउने वा भात पकाउने काममा जातीयताकै कारणले गर्दा दलित महिलाले काम पाउँदैनन् । दलित महिलाले चिया पसल, होटेल खोले भने पनि सफल हुँदैन। यसैले यस्ता अभियानहरु दलित महिला केन्द्रित हुनु आवश्यक देखिन्छ। अधिकांश दलित महिला गरिब, सर्वहारा वर्ग, श्रमिक वर्ग भएकोले उनीहरुको जीविकोपार्जनमा सुधार हुने अभियान सञ्चालन हुनसकेमात्र समग्र महिलाहरुको सशक्तीकरण हुन सक्छ। औपचारिक शिक्षामा पहुँच कम भए पनि दलित महिलाहरु सीप, कला, कौशलका धनी हुन्छन्। यसैले यस्ता सीपको विकास र प्रयोग बढाउन राज्यले कस्तो खालको नीति अपनाउनु पर्छ भन्ने बहस हुनसके श्रमिक महिला दिवस मनाउनुको महत्व पनि बढ्नेथियो । *(स्रोतः बाह्रखरी)*

# शिक्षा अधिकृत घुससहित पक्राउ

काठमाडौंः ललितपुर महानगर पालिकाका शिक्षा अधिकृत शेषकान्त पौडेल १ लाख रुपैयाँ घुससहित पक्राउ परेका छन् । महानगरपालिकाको शिक्षा महाशाखामा कार्यरत उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालको टोलीले बिहीबार घुस रकम लिइसकेको अवस्थामा कार्यकक्षबाटै पक्राउ गरेको हो। अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाका अनुसार पौडेलले शिक्षक सरुवा गर्न सहजीकरण गरिदिएवापत घुस मागेको सूचनाको आधारमा अख्तियारको टोली ललितपुर महानगरपालिका कार्यालय पुगेको थियो । स्रोतः अनलाइनखबर ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

